जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०३ २०८१ साल फागुन २९ गते बिहीबार (13 Mar. 2025 Thursday) मूल्य रु. ५/-

लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : श्रमिक महिलाको पीरः ... ३ पृष्ठमा : 'नेपाल पर्वतीय देश ... ३ पृष्ठमा : एडिडासलाई १५ हजार डलर ...

मधेसमा डिजेमाथि प्रतिबन्ध लगाउनु जरुरी छ : मन्त्री लेखी

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।

मधेश प्रदेशका गृह, संचार तथा कानुनमन्त्री राजकुमार लेखीले सुरक्षा निकायका भौतिक संरचनाको विकासमा प्रदेश सरकारले निरन्तर ध्यान दिने बताएका छन् ।

बुधबार सप्तरीको कञ्चनरुप नगरपालिका नगरपालिका २ बरमझियास्थित सशस्त्र प्रहरी बलको विशेष तालिम शिक्षालयमा ब्यारेक र मेस भवनको शिलान्यास गर्दै गृहमन्त्री लेखीले यस्तो बताए हुन् ।

शिलान्यास कार्यक्रमका क्रममा मन्त्री लेखीले आगामी वर्षहरूमा सुरक्षा निकायहरूको भौतिक संरचना निर्माणमा

बाँकी अन्तिम पृष्ठमा

महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले दुई स्थानमा ग्राम उद्योग बन्ने

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।

सप्तरीको दुई स्थानमा ग्रामिण क्षेत्रका महिलाई रोजगार उपलब्ध गराई आत्मनिर्भर बनाउने उद्देश्यले ग्राम उधेग बनने भएको छ ।

सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सीके राउतले बुधबार आफ्नो निर्वाचन क्षेत्रका दुई वटा योजना शिलान्यास गरेका हुन् ।

ग्राम उद्योग भवनको राजविराज नगरपालिका १५ स्थित मुसहरनिया र महदेवा गाउँपालिका १ पकरीमा आयोजित समारोहका बीच उनले भुमीपुजन गरि शिलान्यास गरेका हुन् । ५०-५० लाखको लागतमा उक्त भवन निर्माण हुन लागेको हो ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका डा राउतले आफ्नो श्रोत, साधन र प्रयासले भ्याएसम्म शिक्षा, स्वास्थ्य, कृषि र रोजगार क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै सो क्रम चलिरहने

बताए ।

उक्त ग्राम उद्योगमा विभिन्न स-साना उद्योग

बाँकी अन्तिम पृष्ठमा

विगत २६ दिनदेखी अयोध्यामा रोशनी वेपत्ता

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।

राजविराज नगरपालिका ७ हटिया की २० वर्षिया रोशनी कुमारी साह वेपत्ता भएको बुधवार २६ दिन पुगेको छ । तर अहिले सम्म उनको पत्तो छैन ।

भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा लागेको विशाल महाकुम्भमा स्नान पश्चात् अयोध्यास्थित रामन्दिर दर्शनका लागि परिवारसहित पुगेकी रोशनी त्यहीबाट वेपत्ता भएकी हुन् ।

रोशनीका परिवार, आफन्तजन र साथी भाई समेत फोटो बोकेर सम्भावित स्थानहरु आफै खोजीमा भौतारिएका छन । आमा फुल कुमारी, बुवा विरेन्द्र र दाजु विकास संगै फागुन ३ गते शनीवारका दिन राममन्दिर दर्शन पश्चात फर्किदै गर्दा मन्दिरको ३ नं.गेटमा अचानक उर्लिएको भीडमा उनी सम्पर्क विहीन भएको परिवारजनको भनाई छ ।

मंगलवार राजविराज फर्किएका परिवारजनले खोजतलासका क्रममा लामो समयसम्म अयोध्यामा वस्दा पनि कतैबाट कुनै सुराक फेला पार्न नसकिएको र निराश भई फर्किएको सुनाए ।

परिवारजनले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, भारतीय प्रहरीको एसएचओ अभिमन्यु शुक्ला, सिओ अरुण श्रीवास्तव र सिएएसइआइओ आशुतोष तिवारी लगायतका प्रहरीका उच्च अधिकारी समेतलाई भेटेर खोजतलासका लागी सहयोग गर्न आग्रह गरेका थिए । तर अहिले सम्म सफलता मिल्न सकेको छैन ।

भारतीय प्रहरीले उत्तर प्रदेशका ८४ वटा थाना क्षेत्रमा रोशनीको चित्र अंकित पोस्टहरु समेत पर्खालहरुमा टाँसेर खोजतलास गरिरहेको साह परिवारले जानकारी दिए ।

भारतीय प्रहरीले मन्दीर परिसर तथा आसपासका सीसीटीभी क्यामेराका फुटेज पनि नियालेका छन । जसमा उक्त दिन कालो सुरुवाल, गुलावी कुर्ता र सेतो स्वेटर लगाएकी रोशनी कालो ब्याग झुण्ड्याएर मन्दिरको ५ सय मिटरको दुरीमा रहेको दन्ताबनकुण्ड तर्फ बढी रहेको र सेतो टिसर्ट लगाएका तीन जना युवक एक आपसमा केही

बाँकी अन्तिम पृष्ठमा

होली परम्परा धान्दै मारवाडी समुदाय

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।

होली पर्वमा उत्साह बढाउन राजविराजका मारवाडी समुदायले विगतमा होली आगमनको दुई/तीन दिन अघिदेखी नै राजविराजको

बाँकी अन्तिम पृष्ठमा

फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

➢घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,

➢फोहरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,

➢सकेसम्म प्लास्टिक प्रयोग नगरौं,

➢प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,

➢कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय ....

विद्यालयसम्म पुऱ्याउन सबैको सहयोग आवश्यक

अबको एक महिनापछि नयाँ शैक्षिक सत्र सुरु हुँदैछ। हरेक वर्ष नयाँ शैक्षिक सत्रमा विद्यालय भर्ना अभियान संचालन हुनेगर्छ। सरकारले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि यस अभियानको संचालन गर्दैआइरहेको छ। तर, विगतमा संचालन भएका उक्त अभियानले विपन्न वर्गका बालबालिकाहरुलाई विद्यालयभित्र पुऱ्याउन असक्षम बनेको छ। अभियानको लक्ष्य पुरा हुन सकेन्।

सप्तरीका विभिन्न ग्रामिण भेगका दलित, अतिविपन्न, मुसहर समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा छन। सरकारले शिक्षामा बर्षेनी करोडौंको लगानी गरेपनि बालुवामा पानी हाले सरह नै भएको छ। जिल्लाका विभिन्न ग्रामिण भेगका ती समुदायका बालबालिकाहरु पढ्ने उमेरका विभिन्न घरायसी कामका गर्नुका साथै अरुको घरमा मजदुरी गरी आफ्नो गुजारा गर्दै आएका छन। स्थानीय अभिभावकहरु जागरुक नभएकै कारण तथा सरकारी उदासिनताका कारणले ती समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा रहेको प्रष्ट देखिन्छ। राजनीतिमा पहुँच भएका तथा आर्थिक रुपमा सबल रहेका परिवारहरुमै सरकारी सेवा सुविधा सीमित रहने गरेकाले मधेशका त्यस्ता समुदायहरु पछाडी पारिएको अवस्था छ।

तसर्थ सरकारी लगानी वालुवामा पानी हुन नदिन सबै पक्ष सबल भई बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन अहम भुमिका निर्वाहा गर्नुपर्छ। बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने लक्ष्य बारेमा तीनै तहका सरकार र सम्बन्धित निकायले दिर्घकालिन नीति बनाएर अघि बढ्नु समेत जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

के तपाइँमा त मानसिक रोगको समस्या छैन ?

डा निराकारमान श्रेष्ठ

काठमाडौँ, २८ फागुन (रासस)।

हाम्रो परिवारका सदस्य वा छिमेकका मानिसहरू बाहिरबाट हेर्दा स्वस्थ्य देखिए पनि वास्तवमा स्वस्थ नहुन सक्छन्अर्थात् मानसिक रोगबाट प्रभावित भएका हुनसक्छन्। शारीरिक रोगका बिरामीले आफ्नो रोगका बारेमा अरुलाई बताउने गरे पनि मानसिक रोगका बिरामीले सकभर सार्वजनिक गर्न चाहँदैन्। मानौँ उनीहरू बिरामी नै होइनन्झैँ गरी लुकाउने र परिवारका सदस्यले पनि ढाकछोप गराउन खोज्छन्। जतिबेला अन्य मानिसले थाहा पाउँछन्, त्यतिबेला बिरामीको अवस्था निकै जटिल भइसकेको हुन्छ।

साधारण जनसङ्ख्याको कम्तीमा पनि दुई प्रतिशत मानिसलाई कडा मानसिक रोग लागेको पाइन्छ। न्युरोसिस पनि धेरै प्रकारको हुन्छ। साधारण जनसङ्ख्याको कम्तीमा १० देखि १५ प्रतिशत मानिसलाई कुनै न कुनै न्युरोसिस रोग लागेको पाइन्छ। त्यस्तै सुस्तमनस्थिति साधारण जनसङ्ख्याको करिब तीन प्रतिशतलाई भएको पाइन्छ। मदिरा तथा लागुऔषधको दुर्व्यसन पनि करिब तीनदेखि पाँच प्रतिशत मानिसमा देखिन्छ। पर्सनालिटी डिसअर्डर पनि करिब एक प्रतिशत मानिसमा देखिन्छ। करिब २५ देखि ३५ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट पीडित हुन्छन् यस अर्थमा मानसिक रोग शारीरिक रोगजस्तै धेरै सङ्ख्यामा हुँदैन भन्ने धारणा सरासर गलत हो।

सामान्यतया स्वास्थ्य भन्नासाथ शारीरिक स्वास्थ्यलाई बुझिन्छ। शारीरिक, मानसिक र सामाजिक तीनै पक्षको संयोजन भए मात्रै मानिसलाई स्वस्थ्य मान्न सकिन्छ। विश्व स्वास्थ्य सङ्गठनले पनि स्वास्थ्य भन्नाले केवल रोग नहुँदैमा या अशक्त नहुँदैमा स्वस्थ भन्न मिल्दैन, शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्ण रूपमा स्वस्थ रहेको अवस्था भनी परिभाषित गरेको छ। तर व्यवहारमा शारीरिक पक्षलाई मात्र विशेष जोड दिइएको पाइन्छ।

शारीरिक रोग भन्नाले शरीरको रोगजस्तै क्षयरोग, औलो ज्वरो, कालाजार, चिनीको रोग, कुष्ठरोग, क्यान्सर आदिलाई जनाउँछ। मानसिक रोगअन्तर्गत विभिन्न प्रकारका एङ्जाइटी डिसअर्डर, डिप्रेसन, बाइपोलार डिसअर्डर, माइग्रेन, छारेरोग, मादकपदार्थ तथा लागुऔषध दुर्व्यसन, सिजोफ्रेनिया, सुस्तमनस्थिति, पर्सनालिटी डिसअर्डर आदि पर्दछन्। सर्वसाधारण मानिसहरूमा मानसिक रोग भन्नासाथ पागलपन अथवा मानसिक असन्तुलन भएको वा बहुलाएका व्यक्तिको चित्रण मात्र मनमा आउने गरेको पाइन्छ र मानसिक रोग लागेको भन्नासाथ मानसिक रूपले असन्तुलन व्यक्ति भन्ने धारणा भएको पाइन्छ। यो धारणा सरासर गलत हो किनभने हामीले नछानीकन एक सय जना मानसिक रोगीहरू लियौँ भने तिनीहरूमध्ये करिब पाँच जना मात्र पागल अथवा मानसिक रूपले असन्तुलन भएको पाउँछौँ भने करिब ९५ जना अरू सर्वसाधारण मानिसजस्तै देखिन्छन्।

नेपालमा मानसिक स्वास्थ्य समस्या एक गम्भीर र बढ्दो चिन्ताको विषय हो। पछिल्ला वर्षहरूमा मानसिक रोगबारे चेतना बढ्दै गए पनि, अझै पनि समाजमा यो विषयलाई खुला रूपमा छलफल गर्न हिचकिचाहट देखिन्छ। मानसिक रोगलाई लाज वा कमजोरीका रूपमा हेर्ने प्रवृत्तिले समस्या लुकाउने र उपचार नगर्ने प्रवृत्ति बढाएको छ। गरिबी, बेरोजगारी र वित्तीय अस्थिरताले पनि धेरैलाई डिप्रेसन र तनावको शिकार बनाएको छ। नेपालमा मदिरा र लागुऔषधको सेवन गर्ने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएकाले मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ। विवाह, पढाइ, जागीर र सामाजिक मान्यताका कारण कतिपय मानिसहरू ठूलो मानसिक दबाबमा रहेका छन्।

शारीरिक स्वास्थ्य तथा शारीरिक रोगको उपचारमा विज्ञानले ठूलो फड्को मारेको छ र जनमानसमा शारीरिक स्वास्थ्यप्रति ठूलो सचेतना तथा जानकारी आए तापनि मानसिक स्वास्थ्य तथा मानसिक रोगप्रतिको गलत धारणा, भ्रम, अन्धविश्वास आदि अझ पनि समाजमा व्यापक रुपमा भएको पाइन्छ। मानसिक रूपले स्वस्थ हुनका लागि व्यक्तिमा समय तथा वातावरणअनुसार अगाडि बढ्न सक्ने क्षमता, भावनात्मक द्वन्द्वबाट ज्यादै विचलित नहुने गुण, अर्थपूर्ण रूपले जीवनयापन गर्नसक्ने क्षमता भएको, आफूमा विद्यमान सामर्थ्यको प्रयोग गरी उत्पादनशील तथा फलदायी काम गर्न सक्ने भएको, अरू व्यक्तिसँग अर्थपूर्ण सम्बन्ध जोडी सो सम्बन्धलाई निरन्तरता दिन सक्ने क्षमता भएको र कुनै प्रकारका मानसिक रोगका खास लक्षण नभएको अवस्था हुनुपर्छ।

मानसिक रोग र मानसिक रोगीहरूप्रति संसारका हरेक देशमा केही न केही गलत धारणाहरू पाइन्छ। हाम्रो देशमा पनि मानसिक रोग सम्बन्धमा धेरै अन्धविश्वास तथा गलत धारणाहरू समाजमा व्याप्त छन्। मानसिक रोग विकसित राष्ट्रहरू र विकासोन्मुख राष्ट्रहरूमा बराबर पाइन्छ र सहरी क्षेत्रमा र गाम्रीण क्षेत्रमा पनि यो बराबर हिसाबले देखिएको छ। तर सामाजिक पृष्ठभूमि अलग-अलग भएको कारणले गर्दा रोगको लक्षणहरू अथवा बिरामीको समस्या भने फरक फरक हुन सक्दछ।

दिन प्रतिदिन मानसिक रोगीको सङ्ख्यामा बढ्दै जाँदा तिनको उपचारमा भने राज्यको ध्यान पुग्न सकेको छैन। तीन करोडभन्दा ज्यादा जनसङ्ख्याका लागि हाल नेपालमा सवा दुई सय जति मात्र मानसिक रोग विशेषज्ञ छन्। मानसिक रोग विशेषज्ञ र जनसङ्ख्याका हिसाबले हालको अनुपात एकदम कम छ। विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार १० हजार जनसङ्ख्याको लागि एक जना मानसिक रोग विशेषज्ञ हुनुपर्नेमा हाल नेपालमा १० लाख ३३ हजार जनसङ्ख्याका लागि एक जनामात्र मानसिक रोग विशेषज्ञ पर्दछ। अर्थात् मानसिक रोग विशेषज्ञको र जनसङ्ख्याको अनुपात १:३३,००,००० मात्र छ। त्यसैले मानसिक रोग विशेषज्ञ र अरु मानसिक स्वास्थ्य कार्यकर्ताको एकदमै कमी भएकाले मानसिक रोगको उपचारमा ठूलो समस्या देखिएको छ।

जनशक्तिको अभावसँगै पर्याप्त बजेट नहुँदा पनि उपचारमा कठिनाइ हुने गरेको छ। विश्व स्वास्थ्य सगठनको अनुसार हरेक राष्ट्रले आफ्नो कूल राष्ट्रिय बजेटको कम से कम १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रको लागि छुटचाउनुपर्नेमा नेपालले करिब पाँच प्रतिशत मात्र छुटचाउने गरेको पाइन्छ। स्वास्थ्य क्षेत्रमा प्राप्त कूल रकममध्ये केवल ०.२ प्रतिशत मात्र मानसिक स्वास्थ्यलाई छुटचाउने गरेको पाइन्छ। यसरी बजेटको कमीले गर्दा पनि मानसिक रोगको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष समस्या परेको देखिन्छ।

मानसिक रोगका लक्षणहरू कस्ता-कस्ता हुन्छन् ?

शारीरिक रोगका लक्षणहरू शारीरिक भएजस्तै मानसिक रोगका लक्षणहरू पनि प्रायः मानसिक प्रकृतिका हुन्छन्। जस्तै मनोदशा गडबडी, विचारको गडबडी, व्यवहारमा गडबडी, निद्रामा गडबडी, ज्ञानेन्द्रीय अङ्गहरूको अनुभूतिमा गडबडी, सम्झना शक्तिमा गडबडी, अर्न्तदृष्टिमा गडबडी, बुद्धि क्षमतामा गडबडी, एकाग्रतामा गडबडी, कुराकानीमा गडबडी, एकापसको अन्तर्क्रियामा गडबडी, सौखमा गडबडी आदिजस्ता लक्षणहरू मानसिक रोगहरूमा देखा पर्दछन्। सबै प्रकारका शारीरिक लक्षणहरू एउटै शारीरिक रोगमा नदेखेजस्तै सबै प्रकारका मानसिक लक्षणहरू एउटै मानसिक रोगमा देखिँदैनन्।

कुनै मानसिक रोगमा एक प्रकारका लक्षणहरू देखिन्छन् भने अर्को मानसिक रोगमा अरू प्रकारका मानसिक लक्षणहरू देखिन्छन्। यी लक्षणहरूका आधारमा मानसिक रोग कुन प्रकारका हो भन्ने निदान गरिन्छ र सोहीअनुसार मानसिक रोगीको उपचार गरिन्छ। निद्रा नलाग्ने, बिनाकारण शङ्का गर्ने, बिनाकारण डराउने, उदास हुने, ज्यादा उत्तेजित हुने, असामान्य कुरा गर्ने, असामान्य व्यवहार देखाउने आदि जस्ता मानसिक लक्षणबाहेक टाउको दुख्ने, जीउ दुख्ने, मुटु चाँडोचाँडो धड्कने, छिटोछिटो पिसाब लाग्ने, बोली नआउने, शरीरको कुनै भाग नचल्ने, देख्न नसक्ने, सास फेर्न गाह्रो हुने आदि जस्ता शारीरिक लक्षण पनि मानसिक रोगमा देखा पर्न सक्दछन्।

मानसिक रोगका कारणहरू के हुन सक्छन् ?

मानसिक रोगको कारण यही नै हो भन्न र किट्न नसके तापनि वंशानुगत कारण, मनोवैज्ञानिक कारण, सामाजिक कारण, शारीरिक रोगका कारण, टाउकोको घाउ चोटपटकको कारण, सङ्क्रमण रोगका कारण, दिमागमा परजीवीको कारण, शारीरिक रोगका लागि सेवन गरिने कुनैकुनै औषधिका कारण, मस्तिष्कमा हुने एक प्रकारका न्युरोट्रान्समिटर भन्ने रासायनिक पदार्थहरूको गडबडीको कारण, मादक तथा लागुऔषधको अत्यधिक सेवनको कारण, व्यक्तित्वको कारण आदिलाई मानसिक रोगका कारणहरूमा लिन सकिन्छ। तर के छ भने धेरैजसो मानसिक रोगका कारणमा यिनीहरूमध्ये एउटाभन्दा धेरै कारणहरूको भूमिका भएको पाइन्छ। कुनै व्यक्तिमा एउटा कारणको प्राधान्यता हुन्छ भने अर्को व्यक्तिमा अर्कै कारणको प्राधान्यता भएको पाइन्छ। अत्यधिक मादक पदार्थ सेवन गर्नु तथा मादक पदार्थको कुलतमा फस्नु एक प्रकारको मानसिक रोग वा मानसिक विकृति हो।

के मानसिक रोगको उपचार सम्भव छ ?

धेरैजसो मानसिक रोगहरू उपचारपछि ठीक हुन्छ र निको हुन्छ। थोरै प्रतिशत भने निको नहुन सक्दछ र जीवनभर नै औषधि उपचार गरिरहनुपर्ने हुन्छ। तर यिनीहरूमा पनि औषधिले रोगलाई नियन्त्रण गर्न सकिन्छ सबै मानसिक रोगहरूको उपचार हुन्छ र धेरै मानसिक रोगहरू ठीक पनि हुन्छन्। कुनैकुनै शारीरिक रोग पूर्णतया ठीक नहुने र जिन्दगीभर औषधि खानुपर्ने भएजस्तै कुनैकुनै मानसिक रोग पनि त्यस प्रकारका हुन्छ।

मानसिक रोगका उपचारमा औषधि दिने, बिजुलीको माध्यमबाट उपचार गर्ने, न्युरोमोडुलेसन उपचार, काउन्सेलिङ, साइकोथेरापी, फेमिली थेरापी, ग्रूप थेरापी, सोसल इन्टरभेन्सन, भोकेसनल थेरापी, रिहाविलिटेसन आदि जस्ता विधिहरू अपनाइन्छन्। मानसिक रोगको उपचार बिरामी, उसको परिवार तथा सामाजिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर गर्नुपर्ने हुन्छ। मानसिक रोगको उपचार एक पटक गरेपछि छोड्न नहुने र सधैँभरि गरिरहनुपर्ने हुन्छ भन्ने भ्रम पनि मानिसहरूमा रहेको छ। यो गलत कुरा हो। धेरैजसो मानसिक रोगहरूमा केही महिना औषधि खाएर छोड्न सकिन्छ भने कुनै कुनै मानसिक रोग औषधि उपचार बिना पनि ठीक हुन्छ भने कुनैकुनै मानसिक रोगमा जीवनभर नै औषधि खानुपर्ने हुन्छ।

नेपालमा धेरै मानिसहरू, विशेषगरी युवाहरू, डिप्रेसनको शिकार भइरहेका छन्। कामको चाप, पारिवारिक तनाव र भविष्यको अन्योलका कारण धेरैलाई एन्जाइटी डिसअर्डरको समस्या देखिन्छ। भूकम्प, द्वन्द्व, हिंसा, वा अन्य ट्रमाटिक घटनाहरूबाट गुज्रेका व्यक्तिहरूमा पोस्ट-ट्रमोटिक स्ट्रेस डिसअर्डर भएको पाइन्छ। कतिपयमा बाइपोलार डिसअर्डर, स्किजोफ्रेनिया जस्ता गम्भीर मानसिक रोगहरू पनि देखा पर्ने गरेका छन्। नेपालमा मानसिक रोगको समस्या ठूलो छ, तर यसबारे खुलेर कुरा गर्न र उचित उपचार खोज्न अझै पनि धेरै चुनौतीहरू छन्। मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु आवश्यक छ, ताकि सबै नागरिकहरू स्वस्थ जीवन बिताउन सकून्। यदि तपाइँलाई वा तपाइँको नजिक कसैलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या छ भने, चिकित्सक वा परामर्शदातासँग सम्पर्क गर्नु सबैभन्दा राम्रो उपाय हो। (स्वास्थ्य मन्त्रालयका पूर्वसचिव तथा वरिष्ठ मानसिक रोग विशेषज्ञ डा श्रेष्ठसँग गरिएको कुराकानीम आधारित)

चुरे समितिमा दस वर्षमा झण्डै रु १५ अर्ब खर्च, उपलब्धि कति ?

भीष्मराज ओझा

काठमाडौँ, २८ फागुन (रासस) ।

राष्ट्रपति चुरे-तराई मधेस संराण विकास समिति स्थापना भएयता १० वर्षमा झण्डै रु १५ अर्ब खर्च भएको छ । समितिले यस अवधिमा गरेको खर्च उद्देश्यअनुसारको उपलब्धिबारे समिक्षा हुन थालेको छ ।

विसं २०७१ असार २ गते स्थापना भएको समितिले आर्थिक वर्ष २०८०/८१ सम्म रु १४ अर्ब ९६ करोड खर्च गरेको छ । समितिका अनुसार यस अवधिमा वित्तीय प्रगति ८८ दशमलव ९३ र भौतिक प्रगति ९१ दशलवल ८४ प्रतिशत भएको छ । समितिमा मासिक तलब सुविधा लिने छ पदाधिकारीसहित १२४ जना कर्मचारीको दरबन्दी रहेकामा हाल ८६ जनाको पदपूर्ति रहेको छ ।

समितिले हालसम्म एक हजार ४५९ स्थानमान गल्छी, पहिरो, खहरे नियन्त्रण, १६६ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षिय बाली विस्तार गरेको समितिका अध्यक्ष डा किरण पौडेलले जानकारी दिनुभयो । त्यस्तै पाँच हजार २३० हेक्टरमा हरियाली प्रवर्द्धन कार्यक्रम गरेको र दुई करोड ९३ लाख ४९ हजार बिरुवा उत्पादन र वितरणलाई समितिले उपलब्धिमा मानेको छ ।

"हालसम्म हामीले नदि/खोला किनारामा ४१२ किमी तटबन्ध निर्माण, १६२ हेक्टर हरित पेटिका निर्माण, १३९ सिमसार तालतलैया संरक्षण/पुनःनिर्माण, ६२८ वर्षातको पानी सङ्कलन पोखरी निर्माण र ५४८ वटा पानी मुहान संरक्षण गरेको छौँ", उहाँले भन्नुभयो, "यस बाहेक अन्य विभिन्न कार्य पनि गर्दै आएका छौं, गुरुयोजनाअनुसार बजेट प्राप्त गर्न नसकेका कारण अपेक्षाकृत काम गर्न सकेका छैनौ, आवश्यकताअनुसारको जनशक्तिको पनि कमी छ ।"

ललितपुरमा केन्द्रीय कार्यालय रहेको समितिले मुलुकभर सलकपुर, जनकपुर, चितवन, बुटवल र लम्कीमा कार्यक्रम कार्यान्वयन इकाई स्थापना गरी काम गर्दै आएको जनाएको छ । चुरे क्षेत्र सात प्रदेशका ३७ जिल्ला र ३२५ स्थानीय तहमा फैलिएको छ । कमलो भूवनोट, जनसङ्ख्या बसाईसराई, जलवायुजन्य जोखिम, आगलागीलगायतका कारणले चुरे विनास हुँदै गएको छ । चुरेको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्बर्द्धनद्वारा गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउने लक्ष्यका साथ भएको समितिको स्थापना भएको हो ।

समितिले स्थापनाकालदेखि नै विभिन्न विवाद र चुनौतीको सामना गर्नुपरेको थियो । राजनीतिक हस्तक्षेपको सामना गर्नुपरेको गुनासो गर्दै आएको समितिले आफै बेला बेला भ्रष्टाचार र अनियमितताको आरोप पनि खेप्दै आएको छ । हाल समितिका दुई पदाधिकारीको नियुक्तिमा अयोग्यता पुष्टि भएपछि अदालतको आदेशानुसार पदमुक्त भएका छन् । पछिल्लो समय समितिलाई प्रभावकारी र चुस्त बनाउन सरकारले यसको पुनःसंरचनाका लागि कार्यदल गठन गरी सुझाव सङ्कलन गर्न लागेको छ ।

स्थापनाकालदेखि नै समिति गठनको विरोध

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले समुदायलाई वेवास्ता गरी समितिको स्थापना भएको भन्दै सुरुदेखि नै विरोध जनाउँदै आएको छ । महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले समितिका काम स्थानीय जनतासँग नजोडिएको भन्दै समिति जनतामाथि शासन गर्न गठन गरिएको टिप्पणी गर्नुभयो ।

"यसले स्थानीय आदिवासी/जनजातिको अधिकार कुण्ठित गरेको छ । यो समिति तत्काल खारेज गर्नुपर्छ, यो जति दिन रहन्छ, त्यति नै चुरे विनाश हुने क्रम पनि जारी रहन्छ, चुरेको संरक्षण गर्न समुदाय नै सक्षम छन्", उहाँले भन्नुभयो, "समुदायलाई पन्छाएर गरिएका काम दिगो हुन सक्दैनन् । प्राकृतिक स्रोतको अधिकारबाट स्थानीय समुदायलाई बञ्चित गर्नुहुँदैन ।"

चुरे समितिका संस्थापक अध्यक्ष रामेश्वर खनालले भने समितिले चुरेको संरक्षणमा उल्लेख्य योगदान रहेको बताउँदै समितिका काम प्रभावकारी बनाउन समितिलाई गुरुयोजना कार्यान्वयन गर्ने गरी बजेटको व्यवस्था हुनुपर्ने र आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो । साथै चुरेसम्बन्धी ऐन

बाँकी अन्तिम पृष्ठमा

मत्स्य कृषकहरुका लागि जानकारी

पोखरीको तयारी

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

घर पोतने चुना :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने ।

मल: गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

स्टकिंग प्रतिशत

सि. नं.	माछाको नाम	स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत	स्टोकिङ्ग डेन्सिटी_२	स्टोकिङ्ग डेन्सिटी_३	स्टोकिङ्ग डेन्सिटी_४
१	कमनकार्प	२५	२०	४०	२०
२	सिल्भर कार्प	३५	४०	२५	२०
३	बिगहेड कार्प	१०	२०	१५	४०
४	ग्रास कार्प	५	१०	१०	१०
५	रह	१५			१०
६	नैनि	१०	१०	१०	
७	भाकुर				

मछाको आहार विहार

माछाको नाम	आहाराको क्षेत्र	आहारा
भाकुर	पानीको माथिल्लो भाग देखीमध्य भाग	जुप्लाक्टन
रहु	पानीको मध्य भागदेखी पिंध सम्म	डेट्रिटस, दाना
नैनि	पानीको पिंधभागमा	सर्वाहारी दाना
सिल्भर कार्प	पानीको माथिल्लो भाग	फाईटोप्लांटन
बिगहेड कार्प	पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म	जुप्लांक्टन
ग्रास कार्प	पानीको जुन सुकै भागमा	घाँस, दाना
कमनकार्प	पानीको पिंधभागमा	सर्वाहारी दाना

प्रयोग :

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी

मोवाईल नं. ९८५२८२०९३५

विश्व समाचार

रेल बन्धक मुक्त गर्न पाकिस्तानको 'पूर्ण-स्तर'को अपरेसन

सिबी (पाकिस्तान), २८ फागुन (रासस/एएफपी) ।

पाकिस्तानी सुरक्षा बलले बुधबार पहाडी दक्षिणपश्चिममा विद्रोहीहरूद्वारा बन्धक बनाइएका रेल यात्रुहरूलाई बचाउन 'पूर्ण-स्तर' को अपरेसन सुरु गरेको छ । दुई दिनको अवधिमा पाकिस्तानी सेनाले घेराबन्दी गरिएको रेलबाट एक सय ५५ जना बन्धकलाई मुक्त गर्न सफल भएको छ । अज्ञात सङ्ख्यामा यात्रुहरू अझै पनि रेलमा रहेका छन् ।

विद्रोहीहरूले मङ्गलबार दिउँसो रेलमार्गको एक भागमा बम विस्फोट गरेर दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा रेलमा आक्रमण गरेका थिए । बलुचिस्तानमा पृथकतावादीहरूको आक्रमण बढेको छ । सुरक्षा स्रोतहरूका अनुसार, "आतङ्कवादीहरूले आत्मघाती बम हमलाकारीहरूलाई निर्दोष बन्धक यात्रुहरूको ठीक नजिकै तैनाथ गरेका छन् ।"

दुर्गम पहाडी सिबी जिल्लामा घेराबन्दीको क्रममा रेल चालकसहित तीन जनाको मृत्यु भएको छ । एक सुरक्षा अधिकारीले एएफपीलाई 'पूर्ण-स्तरको अपरेसन' ले बाँकी बन्दीहरूलाई मुक्त गर्ने लक्ष्य राखेको बताए । "सुरक्षा बलले एक सय ५५ यात्रुलाई सुरक्षित रूपमा उद्धार गरेको छ... २७ जना आतङ्कारी मारिएका छन्", एक सुरक्षा स्रोतले भन्यो । पहिलेको गणनामा कम्तीमा '३१ जना महिला र १५ जना बालबालिका' समावेश थिए । रेलमा कति मानिस बाँकी छन् भन्ने कुरा तत्काल स्पष्ट थिएन । अफगानिस्तान र इरानको सिमानामा रहेको प्रान्तमा बढ्दो हिंसाको पछाडि रहेको पृथकतावादी समूह बलूच लिबरेसन आर्मी (बिएलए) ले तुरुन्तै आक्रमणको दाबी गरेको थियो । प्रान्तीय राजधानी क्वेटामा एक वरिष्ठ रेलवे सरकारी अधिकारी मुहम्मद काशिफका अनुसार 'चार सय ५० भन्दा बढी यात्रु' लाई बन्धक बनाइएको थियो । मङ्गलबार मुक्त भएका बन्धकहरूले सुरक्षित रूपमा पुग्नका लागि पहाडी इलाकामा घण्टौंसम्म हिँडेको बताएका छन् ।

"हामी कसरी भाग्न सफल भयौँ भन्ने वर्णन गर्न मसँग शब्द छैन । यो भयानक थियो", जाफर एक्सप्रेस रेलमा आफ्नी आमासँग यात्रा गरिरहेका मुहम्मद बिलालले भन्नुभयो । मेडिकल कर्मचारी नजिम फारुक र रेलवे अधिकारी मुहम्मद अस्लमका अनुसार आक्रमणमा रेलका चालक, एक प्रहरी अधिकारी र एक सैनिकको मृत्यु भएको थियो । एक यात्रुले बलुच लिबरेसन आर्मीले हालै गरेका आक्रमणहरू जस्तै प्रान्त बाहिरबाट को थिए भनेर पुष्टि गर्न बन्दुकधारीहरूले परिचयपत्रहरू मार्फत क्रमबद्ध गरेको बताए । "उनीहरू आए र आइडी र सेवा कार्डहरू जाँच गरे र मेरो सामुन्ने दुई सैनिकलाई गोली हाने र अन्य चारलाई... कहाँ लगे मलाई थाहा छैन", नजिकैको रेल स्टेशनसम्म चार घण्टा हिँडेपछि एक यात्रुले नाम उल्लेख नगर्ने अनुरोध गर्दै भने, "जो पञ्जाबी थिए, उनीहरूलाई आतङ्कवादीहरूले लगे ।"

सञ्चार माध्यमसँग बोल्न अधिकृत नगरिएका एक प्रहरी अधिकारीका अनुसार रिहा गरिएका लगभग ८० यात्रुलाई 'कडा सुरक्षा' मा प्रान्तीय राजधानी क्वेटामा लगिएको थियो । सुरक्षा बलले गरिब बलुचिस्तानमा दशकौंदेखि विद्रोहसँग लडिरहेका छन्, तर सन् २०२१ मा तालिबानले सत्ता फिर्ता लिएदेखि अफगानिस्तानसँगको पश्चिमी सीमा क्षेत्रमा उत्तरदेखि दक्षिणसम्म हिंसा बढेको छ । यस क्षेत्रका प्राकृतिक स्रोतहरूको बाहिरी मानिसहरूले शोषण गरिरहेको र अन्य क्षेत्रका पाकिस्तानीहरूलाई लक्षित गरेर आक्रमणहरू बढाएको बिएलएले दाबी गरेको छ । फेब्रुअरीमा बिएलए लडाकूहरूले बसबाट निस्कने आदेश दिएपछि सातजना पन्जाबी यात्रुको हत्या गरेका थिए ।

झ

ट्रम्पको पत्र 'चाँडै' प्राप्त गर्ने इरानको भनाइ

तेहरान, २८ फागुन (रासस/एएफपी) ।

इरानका शीर्ष कूटनीतिज्ञले आफ्नो मुलुकसँग आणविक सम्झौता गर्न आह्वान गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पत्र एउटा अरब देशले चाँडै नै तेहरानमा पुर्‍याउने बताएका छन् । "पत्र अहिलेसम्म हामीसम्म पुगेको छैन तर एउटा अरब देशका दूतले चाँडै तेहरानमा पुर्‍याउने तयारी गरिएको छ", विदेशमन्त्री अब्बास अराघचीले मन्त्रिपरिषद् बैठकपछि पत्रकारहरूलाई भन्नुभयो । उहाँले अरब देशको पहिचान वा पत्र पुर्‍याउने समयबारे थप विवरण दिनुभएन । शुक्रबार ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीलाई तेहरानको आणविक कार्यक्रममा नयाँ सम्झौता गर्न वार्ताको आह्वान गर्दै पत्र लेखेको बताउनुभएको थियो । उहाँले अन्यथा नत्र सम्भावित सैन्य विकल्पको सामना गर्नुपर्ने उल्लेख गर्नुभएको थियो ।

तर इरानले जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले पुनःस्थापित गरेको 'अधिकतम दबाब' नीतिअन्तर्गत वार्तालाई अस्वीकार गरेको छ । यस नीतिअन्तर्गत ट्रम्पले सन् २०१८ मा इरानको आणविक सम्झौताबाट हात झिक्नुभएको थियो र तेहरानमाथि व्यापक प्रतिबन्धहरू पुनः लगाउनुभएको थियो र नयाँ प्रतिबन्धहरू पनि लगाउनुभएको थियो । फेब्रुअरीमा खामेनीले आणविक सम्झौताबाट वासिङ्टनको फिर्तीलाई उद्धृत गर्दै अमेरिकासँग वार्ता नगर्न सरकारलाई आग्रह गर्नुभएको थियो । गत हप्ता उहाँले वार्तामा जोड दिने केही सरकारको 'धम्कीपूर्ण' रणनीतिको पनि निन्दा गर्नुभएको थियो । उहाँले वार्ता 'समस्याहरू समाधान गर्ने' उद्देश्यले नभई 'प्रभुत्व' का लागि भएको बताउनुभएको थियो ।

बैंकिङ कसुरका फरार प्रतिवादी पक्राउ

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।
बैंकिङ कसुर मुद्दामा झापा जिल्ला अदालतबाट कैद सजाय पाएर फरार रहेका एक अभियुक्तलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको राजगढ गाउँपालिका ३ नर्घो निवासी २८ वर्षिय दिलिप कुमार मण्डल छन्।

सुजन घोषको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिलिप कुमार मण्डल भएको बैंकिङ कसूर मुद्दामा फरार रहेका प्रतिवादी मण्डललाई पक्राउ गर्न झापा जिल्ला अदालतबाट २०८१ साल माघ २९ गते आदेश दिएको थियो।

पक्राउ गर्न अनुमती प्राप्त भएपछी जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रतिवादीलाई खोजतलास गर्दै जाँदा उनलाई नर्घोबाटै फागुन २७ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका मण्डललाई आवश्यक अनुसन्धान कार्यका लागि जिल्ला प्रहरी कार्यालय भद्रपुर झापा अपराध अनुसन्धान तथा कारवाही शाखामा पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

बिरामी अवस्थामा फेला परेको बाछोको मृत्यु

दैनिक समाचारदाता
राजविराज, २८ फागुन ।
राजविराज नगरपालिका वडा नं. ७ स्थित कर्मचारी मिलन केन्द्रको कम्पाउण्डमा बिरामी अवस्थामा फेला परेको बाछोको मृत्यु भएको छ।

मंगलबार बिहान बाछो बिरामी अवस्थामा फेला परेका थिए। राजविराज नगरपालिकाको पहलमा बाछोको उपचार गरिएपनी बुधबार बिहान बाछोको मृत्यु भएको हो।

बेवारिसे अवस्थामा भेटिएको बाछो धनीले बिरामी परेपछी अलपत्र छोडेका थिए।

‘स्थानीय तह र प्रदेशले गर्ने काम अब सङ्घले गर्नु हुँदैन’

काठमाडौँ, २८ फागुन (रासस)।
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम सङ्घ सरकारले गर्नु संविधान र सङ्घीयताको मर्म तथा भावनाविपरीत हुने बताउनुभएको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटबारे अर्थ मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग गरेको छलफलमा अर्थमन्त्री पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम अब सङ्घले गर्न नहुने बताउनुभयो।

संविधानमा सङ्घको एकल अधिकार अनुसूची ५ मा, प्रदेशको एकल अधिकार अनुसूची ६ मा, स्थानीय तहको एकल अधिकार अनुसूची ८ र संविधानको अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार उल्लेख छ।

यसैगरी अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख छ। संविधानमा उल्लेख भएका अधिकारहरूलाई कार्य विस्तृतीकरण प्रतिवेदनले अझ विस्तृत गरेको छ।

अर्थमन्त्री पौडेलले सङ्घीय सरकारको सीमामा रहेर मात्र नयाँ बजेटमा कार्यक्रम पेस गर्न आग्रह गर्नुभएको छ। उहाँले सहकारी, जमिनको खण्डीकरण, बाँझो जमिन, अस्थायी बसोबास, सार्वजनिक जग्गाको संरक्षण, भूमि बैंक, अभिलेखहरूको डिजिटलाइजेसनलगायतलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रमहरू प्रस्ताव पेस गर्न पनि आग्रह गर्नुभएको छ।

छलफलमा अर्थ सचिव, भूमि सचिव, विभागीय प्रमुखलगायतको उपस्थिति थियो। नयाँ बजेट निर्माणसम्बन्धी यसअघि अर्थ मन्त्रालयले भौतिक, सहरी, ऊर्जा, स्वास्थ्य तथा जनसंख्या, उद्योग, खानेपानी, सङ्घीय मामिला, कृषि तथा पशुपन्छि मन्त्रालय छलफल गरेको थियो।

लहानमा दुई अर्ब लागतमा सुविधासम्पन्न अस्पताल बनाइने

सिरहा, २८ फागुन (रासस)।
लहान नगरपालिका-४ मा पाँच सय शय्याको मुटु र मधुमेह रोगको सुविधासम्पन्न अस्पताल बन्ने भएको छ। नेपाल हृदय रोग निवारण सङ्घद्वारा जर्मनीको ‘नेपाल मेड जर्मनी’ र ‘रोटरी क्लब कट्स’ नामक दुई अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको रु दुई अर्ब आर्थिक सहयोगमा निर्माण प्रक्रिया सुरु गरिएको अस्पतालका ‘कन्सल्टेन्ट फिजीसियन’ डा सञ्जयप्रसाद साहले जानकारी दिनुभयो।

डा साहका अनुसार लहान नगरपालिकाले उपलब्ध गराएको ११ बिघा जग्गामा अस्पताल बन्ने छभने यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। “आगामी पाँच वर्षभित्र अस्पताल निर्माण गरिसक्ने लक्ष्य छ,” उहाँले भन्नुभयो

नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा तत्काललाई दुईवटा भवन निर्माण गरी गत माघ ४ गतेबाट ओपिडी सेवा सञ्चालन गरिसकिएको छ, जसको सोमबार औपचारिक उद्घाटन भइसकेको छ। लहान नगरप्रमुख महेशप्रसाद चौधरी र विश्वप्रसिद्ध मुटु शल्यचिकित्सक डा कुमुद धितालले संयुक्त रूपमा उक्त नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो।

उद्घाटन समारोहमा नगरप्रमुख चौधरीले लहानमा ‘कार्डियो र डाइवेटिक सेन्टर’ सञ्चालनमा आउनु लहानका लागि एउटा गौरवको आयोजना भएको बताउनुभयो। अस्पताल बनिसकेपछि उपचारका लागि धरान, विराटनगर र काठमाडौँ जानुपर्ने बाध्यताबाट मुक्ति मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मधेसमा डिजेमाथि ...

प्रविधिसँग मेल खाने नवीनतम परियोजनाहरू समेत ल्याउन लागेको जानकारी दिए।

सोही क्रममा मन्त्री लेखीले मधेसमा डिजेमाथि प्रतिबन्ध लगाउनुपर्ने जरुरी भइसकेको बताउँदै मधेसमा डिजे एउटा समस्याको रूपमा संस्थागत भइरहेको बताए। उनका अनुसार यो समस्याप्रति मधेसका सबै स्थानीय तहहरुले सक्रिय भई प्रतिबन्ध गराउनेतर्फ लाग्नु पर्ने सुझाव समेत दिए

मधेस प्रदेश सरकारको गृह, संचार तथा कानून मन्त्रालयले चालू आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक बजेट अन्तर्गत ५० लाख रुपैयाँको बजेटबाट उक्त भवन बन्न लागेको तालिम केन्द्र शिक्षालयका एसएसपी नेत्रबहादुर कार्कीले बताए।

शिलान्यास कार्यक्रममा सप्तरीको सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादव,सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडा, कञ्चनरुप नगरपालिकाका उपमेयर मुना कुमारी पोखरेल, वडा २ का अध्यक्ष मेहेन्दी हुसेन, वडा १२ का अध्यक्ष देवी बहादुर खत्री, सप्तकोशी नगरपालिका वडा २ का वडाअध्यक्ष जाहिर हुसेन लगायत विभिन्न क्षेत्रका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति थियो।

विगत २६ दिनदेखी ...

इशारा गर्दै उनलाई पच्छाइरहेको स्पस्ट देखिन्छ। कुन्डको गेट भित्र प्रवेश गरेपछी भने सीसीटीभी क्यामेरा जडान नभएका कारण त्यसपछीको अवस्था बुझ्न कठिन भएको भारतीय प्रहरीको भनाइ रहेको छ।

यद्यपी रोशनीको हुलीया सर्कूलर गर्नुका साथै ८४ वटा थाना क्षेत्रमा पोस्टर समेत टाँस गरी खोजी कार्य जारी राखेको भारतीय प्रहरीलाई उद्यत गर्दै साह परिवारले जनाएको छ।

सीसीटीभी फुटेजमा देखिएको रोशनीलाई पच्छाई रहेका तीन जना युवकले अपहरण गरेको हुन सक्ने आशंका समेत व्यक्त गर्दै परिवारजनले सो कोणवाट पनि अनुसन्धान तथा रोशनीको अवस्था पत्ता लगाई सकुशल उद्धारमा सहयोग गर्न सबैसँग अपिल गरेका छन।

यस क्रममा साह परिवारले मधेश प्रदेशका मुख्यमन्त्री सतिस कुमार सिंहलाई समेत भेटेर सहयोगका लागी भारत सरकार संग पहल गर्न आग्रह गरेका छन। रोशनीले प्रयोग गरेको मोबाईल सो दिन संयोगवश अभिभावक सित नै छाडेकाले मोबाइलको प्राविधीक पक्षवाट अनुसन्धान गर्ने पाटो पनि बन्द भएको भारतीय प्रहरीहरुले बताएको परिवारजनले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले तीर्थयात्राका लागि भारतको अयोध्या पुगेकी राजविराजकी रोशनी सम्पर्कविहीन भएको भनी परिवारजनबाट जानकारी प्राप्त भएको तथा भारतीय प्रहरी अधिकारीहरुसँग समन्वय गरि खोजतलासमा सहयोग गर्न पहल गरेको जनाएका छन्।

महिलालाई आत्मनिर्भर ...

स्थापना गरिने तथा महिलालाई सीप सिकाएर रोजगारीको व्यवस्था मिलाउने योजना रहेको जनमत पार्टी मधशे प्रदेश संसदीय दलका नेता एवं पूर्व मन्त्री महेश प्रसाद यादवले बताए।

डा राउत र संसदीय दलका नेता यादवकै पहलमा मधेश प्रदेश सरकारबाट उक्त बजेट विनियोजन भएको बताइएको छ।

सो अवसरमा जनमत पार्टीका महासचिव चन्दन सिंह, संगठन विभाग प्रमुख जयकान्त राउत लगायतले पनि बोल्दै ग्राम उद्योग स्थापनाले यस भेगका महिलालाई रोजगारको माध्यमले आत्मनिर्भर बनाउन मद्दत पुर्‍याउने विश्वास गरे।

होली परम्परा धान्दै ...

मुख्य बजार क्षेत्रमा ढोलसहित गाउने गरेको गित र नाचगान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएका छन्।

तराई मधेशमा एक आपसमा रंगअबिर खेल्दै मनाइने उत्साह र उमंगको पर्व होलीको रौनकता घट्दै गएको बेला मारवाडी समुदायले यस्तो अग्रसरता देखाएका हुन्।

मारवाडी युवा मञ्चका केन्द्रिय सदस्य समेत रहेका बिसान्त जैनले भने, “बढ्दो महंगी र व्यवसायिक मन्दीका कारण हरेक चाड पर्व फिक्का हुन लागेको छ, निरासालाई उत्साहमा परिणत गर्न र परम्परालाई जोगाइ राख्न पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिएका छौं।”

मारवाडी युवा अगुवा उज्जवल काबराले होलीमा उत्साह जगाउन आफूहरु समूह बनाएर होली गित गाउँदै होलीको स्वागतमा लागेको सुनाए। मारवाडी समुदायका युवाहरु अहिले राती ८ बजेतिर समूह बनाएर होली गित गाउँदै बजारको मुख्य चौकमा नाचगान गर्दै होली आगमनको प्रतिक्षा गरिरहेको मारवाडी युवा मञ्च राजविराजका अध्यक्ष होमेश काबराले बताए।

फागु अर्थात होली पर्व यस वर्ष पहाडमा बिहीबार र तराई मधेशका जिल्लामा शुक्रबार परेको छ।

चुरे समितिमा दस ...

ल्याउनुपर्ने, समितिमा समुदायको समेत प्रतिनिधित्व गर्नुपर्ने, प्रदेश सरकार र सरोकारवाला निकायलाई समन्वय गर्ने गरी काम गर्नुपर्ने उहाँको सुझाव छ।

त्यस्तै चुरे विज्ञ डा विजयसिंह दुनवारले तराई मधेसको सुरक्षित भविष्यका चुरेको संरक्षण अतिआवश्यक भएको बताउँदै चुरे विनाश भएमा तराई क्षेत्र मरुभूमिमा परिणत हुनेमा चिन्ता व्यक्त गर्नुभयो। चुरे संरक्षणका लागि समितिको महत्व दर्शाउँदै उहाँले पनि समितिका काम प्रभावकारी बनाउन चुरेसम्बन्धी ऐन ल्याउनुपर्ने सुझाव दिनुभयो।

महालेखापरीक्षकको कार्यालयले समितिले लक्ष्यअनुसार प्रगति नभएको औंल्याएको छ। महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनमा समितिको गुरुयोजनाको पहिलो पाँच वर्षको लक्ष्य प्रगति विवरणअनुसार ३६ जिल्लामा वन व्यवस्थापकीय एकाइ छुट्टिने गरी वन क्षेत्रको नक्साङ्कन गर्ने, १४ हजार १५० हेक्टर वन अतिक्रमण नियन्त्रण गर्ने, चार हजार ८०० कृषक समूहमा वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन गर्ने जस्ता लक्ष्यमा प्रगति नभएको उल्लेख छ।

त्यस्तै सात हजार २६५ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार गर्ने, एक लाख ६५ हजार ६७५ हेक्टर वन व्यवस्थापन गर्ने, १८० नदीमा नदीजन्य पदार्थको उपयोग व्यवस्थापन गर्ने, संवेदनशील क्षेत्रमा रहेका २० हजार ५०५ घरधुरीका लागि बस्ती व्यवस्थापन गर्ने, ३८ हजार ४८४ घरधुरीमा गार्हस्थ्य सौर्य ऊर्जा विस्तार र लघु जलविद्युत् विकास तथा उपयोग २६१ किलोवाट पुर्‍याउने जस्ता लक्ष्यमा पनि प्रगति नभएको प्रतिवेदनमा उल्लेख छ। यसैगरी ८९ सीमसार क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य भएकामा ६५ मात्र प्रगति भएको, ६४ नदीमा एकीकृत नदी प्रणाली स्रोत विकास कार्ययोजना तयार गर्ने लक्ष्य भएकोमा ४७ मा मात्र प्रगति भएको, ८१ हजार १३७ घरधुरीमा गोबरग्यास विस्तार गर्ने लक्ष्य भएकोमा एक हजार ९१७ घरधुरीमा मात्र विस्तार भएको प्रतिवेदनमा उल्लेख छ। गुरुयोजना कार्यान्वयनका पाँच वर्षमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको औंल्याउँदै प्रतिवेदनले गुरुयोजनामा समावेश भएका लक्ष्यहरू पूरा हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाएको छ।

होली सौहाद्रपूर्ण वातावरणमा मनाऔं

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np